☎: ०२५-५५१२७५

वराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# बराहक्षेत्र नगर अस्पताल

बराहक्षेत्र-६ चक्रघट्टी, सुनसरी
कोशी प्रदेश नेपाल
Website:-www.bknh.gov.np , Email:- ito.barahahospital@gmail.com

प.स. : २०८३/२०८४
च.नं. : ३६

मिति : २०८३/०४/२५
ने.स. : ११४६ दिल्लागा द्वादशी - २७

## विषय: लागत अनुमान प्रयोजनार्थ दररेट माग गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस बराहक्षेत्र नगर अस्पतालको आ.व. २०८३/०८४ मा आन्तरिक स्रोतबाट खरिद गरिने आवश्यक औषधि तथा स्वास्थ्यसम्वन्धी सामग्रीहरूको खरिद प्रयोजनार्थ **सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५** तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम स्थानीय बजारमा प्रचलित मूल्यलाई आधार मानी लागत अनुमान तयार गर्नुपर्ने भएको हुँदा देहायवमोजिमका अनुसूचीमा उल्लिखित सामग्रीहरूको **प्रचलित बजार मूल्यभन्दा बढी नहुने गरी प्रमाणित दररेट** उपलब्ध गराउन इच्छुक सम्वन्धित आपूर्तिकर्ता तथा सरोकारवालाहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।

यस सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिनभित्र** सम्वन्धित आपूर्तिकर्ता/फर्मले आफ्नो आधिकारिक छाप तथा दस्तखतसहितको दररेट यस अस्पतालमा पेश गर्नुहुन अनुरोध गरिन्छ।

तपशिल :

| क्र.स | अनुसूचीहरु | विवरण | कैफियत |
|---|---|---|---|
| १. | अनुसूची -१ | औषधी (स्वास्थ्य बीमा/ स-शुल्क) | |
| २. | अनुसूची -२ | ल्याव केमिकल | |
| ३. | अनुसूची -३ | सर्जिकल सामग्री | |
| ४. | अनुसूची -४ | डेन्टल सामग्री | |

नोट :

१. माथि उल्लिखित अनुसूचीहरूमा समावेश सामग्रीहरूको **कम्तीमा ३ (तीन) वटा आपूर्तिकर्ता/फर्मबाट दररेट प्राप्त भइसकेपछि** प्रचलित कानून तथा खरिद प्रक्रिया बमोजिम लागत अनुमान तयार गरी खरिद प्रयोजनार्थ आवश्यक सूचना/प्रक्रिया अगाडि बढाउन यस सूचनाले कुनै बाधा पुऱ्याउने छैन।

२. यस सूचनावमोजिम दररेट उपलब्ध गराउने सम्पूर्ण आपूर्तिकर्ता/फर्मबाट प्राप्त दररेट तथा निवेदनहरू **प्रचलित बजार मूल्यको आधारमा लागत अनुमान तयार गर्ने प्रयोजनका लागि मात्र** प्रयोग गरिनेछ।

३. पेश गरिने दररेटमा सम्वन्धित फर्म/आपूर्तिकर्ताको **आधिकारिक छाप, अधिकृत व्यक्तिको दस्तखत, फर्मको नाम, ठेगाना तथा सम्पर्क विवरण** अनिवार्य रूपमा उल्लेख भएको हुनुपर्नेछ।

४. दररेट पेश गर्ने आपूर्तिकर्ता/फर्मले अनुसूचीमा उल्लिखित सम्पूर्ण विवरण स्पष्ट रूपमा भरी, तोकिएको समयसीमाभित्र अस्पतालमा उपलब्ध गराउनुपर्नेछ।

५. अनुसूचीमा उल्लिखित सामग्रीहरूको विस्तृत विवरण तथा दररेट पेश गर्न आवश्यक फाराम यस अस्पतालको आधिकारिक वेवसाइट **www.bknh.gov.np** बाट डाउनलोड गर्न सकिनेछ वा आवश्यक विवरण प्राप्त गर्न इच्छुक आपूर्तिकर्ता/फर्मले **ito.barahahospital@gmail.com** मा इमेलमार्फत सम्पर्क गर्न सक्नेछन्।

६. निर्धारित समयसीमा पश्चात प्राप्त हुने दररेट स्वीकार गर्ने वा नगर्ने सम्वन्धमा अस्पतालको निर्णय अन्तिम हुनेछ।

दिवस विष्ट
निमित्त व्यवस्थापक